जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.नि.हु.का.द.नं. ४/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३२ अंक १३६ २०७९ साल पुस १२ गते मंगलबार (27 Dec. 2022 Tuesday) मूल्य रु. ५/-

## डेंगीबाट बचौं

- उच्च ज्वरो आउनु
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु
- आँखाको गेडी दुख्नु
- अत्याधिक टाउको दुख्नु
- शरीरमा राता बिमिराहरु आउनु
- वाकवाकी लाग्नु वा वान्ता हुनु

यस्ता लक्षणहरु देखापरेमा डेंगी हुन सक्छ। तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं।

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : एक्लिएका छन् .. ३ पृष्ठमा : सरकारको पहिलो निर्णय : ... ३ पृष्ठमा :'सुकीविरुद्धको अन्तिम मुद्दाका...

# मिटरब्याज पीडितहरु पुनः सडकमा




**दैनिक समाचारदाता**
**राजविराज, ११ पुस ।**

मिटर व्याज पीडितहरुले पिडक माथी कारवाही तथा आफुहरुको सुरक्षाको माग गर्दै सोमवार सप्तरी सदरमुकाम राजविराजमा पुनः प्रर्दशन गरेका छन् ।

मिटरव्याजीको सम्पती छानवीन गर, मिटरव्याजीलाई कारवाही गर, विपन्नलाई विस्थापित गराउने मिटरव्याजी रामदेव साह र उनको परिवारमाथी कारवाही गर लगायतका नारावाजीका साथ पिडीतहरुले प्रर्दशन गरेका हुन ।

संघर्ष समिती नै बनाएर निरन्तर आन्दोलन गर्दै आएका पिडीतहरुले प्रमुख जिल्ला अधिकारीलाई ज्ञापन पत्र समेत बुझाएका छन । प्रधानमन्त्री, गृहमन्त्री र जिल्ला अदालत सप्तरीलाई बोर्धाथ समेत दिइएको ज्ञापन पत्रमा कपाली तमसुक, जग्गा धितो तथा व्यक्तिगत चेक राखेर लिइएको चर्को व्याजदरको ऋृणबाट पिडीत भएकाहरुको सुरक्षाका लागी समेत माग गरीएको छ ।

संघर्ष समितीका अध्यक्ष मो.तैयब अलिद्वारा हस्ताक्षरित ज्ञापनपत्र मार्फत चर्को ब्याज तिर्न नसकेर आत्महत्या गर्न समेत बाध्य भएका मिटरव्याज पिडीतहरु विभिन्न समयमा कोभिड १९ का कारणले थप पिडीत भएको भन्दै पिडीतहरुका लागी चासो लिन जनप्रतिनीधी, राजनितीक दल समेतलाई चासो लिन आग्रह गरिएको छ ।

संघर्ष समितीका सचिव छेदी पासवानले लामो समय देखी फरार रहेका मिटरव्याजी सप्तरीको खडक नगरपालिका ७ कल्याणपुर निवासी रामदेव साह र उनका परिवारका केही सदस्यलाई पक्राउ गर्न प्रहरीले सक्रियता नदेखाएकाले दवाब दिन पनि प्रर्दशन गरिएको बताए ।

फरार मिटरव्याजी साहलाई अबिलम्ब पक्राउ गर्न र पिडीतलाई न्याय दिलाउन पनि प्रर्दशन गरिएको हो, उनले भने - आफुहरुलाई घरबार विहीन बनाउने मिटरव्याजी साहलाई पक्राउ नगरे सम्म हाम्रो आन्दोलन जारी रहने छ ।

सप्तरीका सयौं पीडितहरुले साहुकार रामदेव साह सहित उनको परिवारका सदस्य माथी ८ महिना अघि नै प्रहरीमा उजुरी दिएका थिए ।

प्रहरीले रामदेवका छोरा नन्दकिशोर र छोरी अनुराधालाई ३ महिना अघि पक्राउ गरे पनि रामदेव अझै फरार छन् ।

ज्ञापन पत्र बुझ्दै प्रमुख जिल्ला अधिकारी भुपेन्द्र थापाले न्यायका लागी पहल गर्ने प्रतिबद्धता जनाएको संघर्ष समितीले जनाएको छ ।

# गैसस सप्तरीका अध्यक्षमा दिपक झा सर्वसम्मत चयन



**दैनिक समाचारदाता**
**राजविराज, ११ पुस ।**

गैरसरकारी महासंघ नेपाल सप्तरीको अध्यक्षमा दिपक झा सर्वसम्मतले चयन भएका छन् ।

गैसस महासंघ नेपाल सप्तरीको पुस ५ गते सम्पन्न दोश्रो जिल्ला नागरिक सम्मेलन तथा दशौं अधिवेशनको बन्द सत्रबाट सोमबार झा अध्यक्ष पदमा सर्वसम्मत चयन भएका हुन् ।

यस्तै उपाध्यक्षमा बलदेव मण्डल, सचिवमा जितेन्द्र देव, सहसचिवमा नविन नरसिंह नेपाली तथा कोषाध्यक्षमा रिया राय संचेती चयन भएका छन् ।

सदस्यहरुमा मिरा देव, उपेन्द्र साह, राजेश राम, बिरेन्द्र कुमार मण्डल, पार्थो सरकार, ललिता कुमारी मण्डल, बिनिता कुमारी कर्ण, बिनोदानन्द चौधरी, अरबिन्द चौधरी र रुबि मिश्रा सर्वसम्मत भएका छन् ।

## जग्गा बिक्रिमा

राजविराज वडा नं. ६ थानगाछी स्कुलको दक्षिण पट्टीको जग्गा विक्रीमा छ। जग्गाको तिनै भागमा १२ फिटको बाटो भएको घर सहितको जग्गा लिने इच्छुक व्यक्तिले सिन्हा लँज राजविराजमा सम्पर्क गर्नुहुन अनुरोध छ ।

**सम्पर्क नं. ०३१-५३०४३४**

# ८५ वर्ष माथिका पाँच जना बुद्धबृद्धा सम्मानित



**दैनिक समाचारदाता**
**राजविराज, ११ पुस ।**

समाजिक क्षेत्रमा योगदान पुऱ्याएका ८५ वर्ष माथिका बृद्धबृद्धा सम्मानित भएका छन् ।

तेश्रो जेष्ठ नागरिक दिवसको अवसरमा जेष्ठ नागरिक संघ तथा पुर्व कर्मचारी सेवा परिषद सप्तरीले संयुक्तरुपमा सोमवार पाँच जना जेष्ठ नागरिकलाई सम्मान गरेको हो ।

समाजिक क्षेत्रमा योगदान गरी दिर्घ जीवन विताई रहेका राजविराज नगरपालिकाका ९० वर्षिय रघुलाल दास, लुखादेवी झा, ८९ वर्षिय जसकरण कुचेरिया, ८७ वर्षिय किसान महर्जन र ८६ वर्षिय राम नरेश सिंह सम्मानित भएका हुन् ।

उनीहरुलाई कार्यक्रमका प्रमुख अतिथी प्रमुख जिल्ला अधिकारी भुपेन्द्र थापाले दोसल्ला र कदर पत्र प्रदान गरे । उर्जाशिल समय सन्तान र परिवारका लागी खर्चिने जेष्ठ नागरिक बृद्धावस्थामा उपेक्षाको शिकार हुने क्रम बढ्दै गएको सहभागीले गुनासो पोखे ।

ज्येष्ठ नागरिक संघ सप्तरीका कार्यवाहक अध्यक्ष शंकर शारदाको

***बाँकी अन्तिम पृष्ठमा***

## आँखा स्वास्थ्यको लागि उत्कृष्ट उपचार



## तपाईंकै सहर राजविराजमा



आँखा सम्बन्धि उत्कृष्ट सेवाका लागि सहज र सुलभ उपचारलाई मध्यनजर गरी नेपालकै दक्ष, अनुभवी तथा वरिष्ठ नेत्र विशेषज्ञहरुको सेवा अब उपरान्त **सगरमाथा आँखा अस्पताल प्रा.लि.**, रुपनी रोडमा उपलब्ध हुने सहर्ष जानकारी गराउँदछौं ।

**पुष मसान्तसम्म फेको प्रविधिद्वारा मोतिबिन्दुको शल्यक्रियामा २०% छुट तथा ज्येष्ठ नागरिकहरुका लागि OPD FEE निःशुल्क**

***हाम्रा विशेषताहरु***

१. अनलाईन नाम दर्ताको सुविधा,
२. अत्याधुनिक फेको प्रविधिवाट मोतिया बिन्दुको शल्यक्रिया,
३. बिना सुई फेको प्रविधिबाट मोतिया बिन्दुको शल्यक्रिया,
४. एकै दिनमा शल्यक्रिया गराई डिस्चार्ज सेवाको व्यवस्था (Day Care)
५. सुख्खा आँखाको उपचार
६. कोर्निया अल्सर तथा आँखाको नानी प्रत्यारोपणको सम्बन्धि विशेषकृत सेवा
७. दृष्टिपर्दा उपचार तथा शल्यक्रियाको विशेषकृत सेवा
८. आँखाको बनावट तथा सौन्दर्यता कायम राख्नकालागि अकुलोप्लाष्टिको विशेषकृत सेवाहरु
९. जलबिन्दुको उपचार तथा शल्यक्रियाको विशेषकृत सेवा
१०. बच्चाको आँखा जाँचका सेवाहरु
११. वरिष्ठ दृष्टि विशेषज्ञद्वारा आँखाको पावर जाँच
१२. B-Scan/VisualField/OCT/Airpuff tonometer/Auto Refractometer लगायतका diagnostic सुविधाहरु

**सगरमाथा आँखा अस्पताल प्रा.लि.**

**राजविराज-८, रुपनी रोड, सम्पर्क नं. :- ९८०५७११२२२**

**बिरामी जाँचको समय :** बिहान ८:३० देखि ५:०० बजेसम्म

# एक्लिएका छन् ज्येष्ठ नागरिक

काठमाडौँ, ११ पुस (रासस)।

जवानीमा अनेकन घर, परिवार, इष्टमित्र हाँसीखुसी जीवन बिताएका नागरिकहरु जीवनको उत्तरार्द्धमा एक्लो महसुस गर्दै आएका छन्। "मेरो तीन छोरा, दुई छोरी, मलाई असाध्यै माया गर्ने श्रीमती थिइन्", दोलखा घर भई हाल काठमाडौँको कोटेश्वरमा बस्ने ७५ वर्षीय रामबहादुर बुढाथोकीले भन्नुभयो, "श्रीमती बितेको चार वर्ष भयो, छोरा कोही विदेशमा छन्, केही जागिरे छन्, छोरी आफ्नो घरघरमा छन्, म एक्लै छु।"

उमेर बढ्दै, शक्ति घट्दै गए पनि आफन्त पनि विस्तारै टाढिने गरेको उहाँको भोगाइ छ। "मैले पाँच वटा बच्चा कसरी हुर्काएँ, बढाएँ, पढाएँ होला", उहाँले विगत सम्झँदै भन्नुभयो, "मेरो कारणले छोराबुहारीको सधैँ झगडा हुने भएपछि मैले घर छोडे र अहिले एक्लै बस्छु।" उहाँले वृद्धाभत्ताले कोठा भाडा तिर्ने र खाने गर्दै आउनुभएको छ। केही नपुगेका अवस्थामा सरसामान किनिदिने छोराछोरीले पनि गर्छन्। तर एक्लै बस्नुपर्दा उहाँलाई बेचैन लाग्छ। जीवन केही रहेन छ जस्तो लाग्छ।

ऊर्जामय जीवन सकिँदै गएर आफूले पनि काम गर्न नसक्ने र परिवारको पनि बेवास्ताको पात्र बन्नुपर्ने अवस्था रामबहादुरको मात्रै होइन। सिन्धुपाल्चोकको ६८ वर्षीय धनकुमारी थापाले एक्लै जीवन बिताउन थालेको पनि १० वर्ष भयो। सिन्धुपाल्चोकमा पहिरोमा परेर घरबार बिहिन भएर काठमाडौँको चाबहिलमा बस्दै आउनुभएकी उहाँले गाडामा तरकारी व्यापार गर्नुहुन्छ।

"पहिराले घर भत्काउँदा श्रीमान् पनि बित्नुभयो, छोरी पनि त्यहीँ परिन्, एउटा छोरा च्यापेर काठमाडौँ आएँ", उहाँले आँखाभरि आँसु पार्दै भन्नुभयो, "सुरुका दिनमा कति दुःख पाइयो, सम्झियो भने मुटु भक्कानिएर आउँछ, सुनाउन सक्दिन, मैले छोरालाई साग बेचेरै पढाएँ।" एकल महिलाले पाउने भत्ताले गर्दा पनि उहाँलाई जीवन जिउन सहज भयो। उहाँका छोराबुहारी काम गर्न जान्छन्। उहाँ पनि गाडामा तरकारी बेच्नुहुन्छ। तर अहिले केही समयदेखि गाडामा तरकारी बेच्न महानगरले नदिएपछि उहाँ बेकामे हुनुभएको छ।

"तरकारी बेच्दा सबैसँग बोलिन्थ्यो, दुःख पीर सबै बिर्सिन्थ्यो, तर अहिले म त्यतिकै बस्छु, बोल्ने मान्छे पनि कोही छैन, दिक्क लाग्छ, कहिलेकाहीं बाहिर निस्किएर हिड्छु", उहाँले थप्नुभयो, "जीवन निराश लाग्छ, कोहीसँग बोल्नु छैन, केही काम गरौं भने शक्ति छैन।" रामबहादुर र धनकुमारीजस्तै आजभोलि धेरै ज्येष्ठ नागरिकले एक्लोपनको महसुस गरिरहेका छन्।

वरिष्ठ कलाकार मदनदास श्रेष्ठको धेरैजसो सम्भ्रान्त परिवारमा ज्येष्ठ नागरिक एक्लिएको अनुभव छ। "घरमा काम गर्ने मान्छे राखिदिने, पैसा छ, सम्पत्ति छ तर आफ्नो मनको दुःख पीडा साट्ने मान्छे छैन", उहाँले भन्नुभयो, "धेरैजसो सम्भ्रान्त परिवारमा ज्येष्ठ नागरिक एक्लिएको मलाई अनुभव छ, मनको कुरा सुनाउने साथी नहुँदा अनेकन खालका रोग लाग्ने मानसिकरुपमा समस्या हुने देखिएको छ।"

राष्ट्रिय ज्येष्ठ नागरिक महासङ्घका पूर्वअध्यक्षसमेत रहनुभएका श्रेष्ठको पहलका तत्कालीन ओली सरकारको पालनामा महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री जुली महतो हुँदा मन्त्रिस्तरीय निर्णयबाट यो दिवस मनाउन सुरु गरिएको हो। "यो दिवस मनाउनुको पनि कारण छ, ज्येष्ठ नागरिकलाई २०५१ सालमा तत्कालीन प्रधानमन्त्री मनमोहन अधिकारीले रु १०० सामाजिक सुरक्षा भत्ता मासिक दिने निर्णय गर्नुभएको थियो", उहाँले थप्नुभयो, "त्यही सामाजिक सुरक्षा भत्ता दिने निर्णय गरेको दिनलाई नै ज्येष्ठ नागरिक दिवस मनाउन सुरु गरिएको हो।"

ज्येष्ठ नागरिकलाई सरकारले दिएको सामाजिक सुरक्षा भत्ताले धेरै राहत भएको छ। जस्ले गर्दा जीवनको अन्तिम अवस्थामा सामाजिक सुरक्षा भत्ताले राम्रो सहयोग गरेको छ। "भत्ताले धेरै राहत भएको छ, कसैसँग हात फैलाउनुपर्ने अवस्था छैन", वरिष्ठ कलाकार श्रेष्ठले भन्नुभयो, "कतिपय ज्येष्ठ नागरिकले नागरिकता नभएका कारणले पनि भत्ता पाउन सकेका छैनन्, त्यसका लागि मैले पनि पहल गरिरहेको छु, वडाबाटै व्यवस्था गरे राम्रो हुने थियो।" महासङ्घको तथ्याङ्कअनुसार करिब एक सय ५० ज्येष्ठ नागरिकले नागरिकता नहुँदा सामाजिक सुरक्षा भत्ताबाट वञ्चित छन्।

ज्येष्ठ नागरिकलाई यातायातमा र स्वास्थ्यमा ५० प्रतिशतको व्यवस्था गरेको भए पनि त्यो प्रभावकारी रुपमा कार्यान्वयनमा आउन सकेको छैन। नेपालको कानुनले ६० वर्षमाथिकालाई ज्येष्ठ नागरिक मानेको छ भने सामाजिक सुरक्षा पाउने ७० वर्षदेखि थियो। तर, यस आर्थिक वर्षबाट ६८ वर्षदेखि सामाजिक सुरक्षा भत्ता दिने निर्णय गरेको छ।

राष्ट्रिय ज्येष्ठ नागरिक महासङ्घका अध्यक्ष छत्रबहादुर प्रधानलाई पनि ज्येष्ठ नागरिकको सबैभन्दा ठूलो समस्या एक्लोपना भएको अनुभव छ। "छोराछोरी विदेश वा आ-आफ्नै परिवारसँग हुने, भएकाले पनि चासो दिएर कुराकानी नगने पाइएको छ", उहाँले भन्नुभयो, "ज्येष्ठ नागरिकमा एक्लोपना महसुस भएको छ, परिवारबाट पनि सम्मान छैन, काम नलाग्नेजस्तो हिसाबले हेरिन्छ।"

जवानीमा पैसा कमाइञ्जेल सबैको प्यारो रामो हुने तर उमेर ढल्कँदै, कमाउन नसक्ने हुँदै जादा सबैबाट हेला सहनुपर्ने अवस्था छ। "जागिर भइञ्जेल, पैसा कमाएर दिन सकिञ्जेल सबैले मान्ने तर पछि नमान्ने अवस्था देखिएको छ", उहाँले थप्नुभयो, "पुस्तान्तरणले गर्दा पनि एकले अर्कालाई नबुझ्ने समस्या देखिएको छ, बाबुआमाले छोराछोरी नबुझ्ने र छोराबुहारीले बाबुआमा नबुझ्ने जस्तो देखिएको छ।" सामान्य असमझदारीमा नै परिवार छुटिएर बस्ने व्यवहारले ज्येष्ठ नागरिकले कठिनाइ भोग्नुपरेको छ।

नेपालको जनगणना २०६८ अनुसार नेपालमा ९.१३ प्रतिशत (करिब २५ लाख) ज्येष्ठ नागरिक थिए भने २०७८ को जनगणनामा करिब ३३ लाख पुगेको छ। अध्यक्ष प्रधानका अनुसार वृद्धाश्रममा राखिएका कतिपय ज्येष्ठ नागरिकसँग नागरिकता नहुँदा राज्यबाट पाउने सुविधा पनि पाउन सकेका छैनन्। "परिवारभित्र ज्येष्ठ नागरिक अटाउनुपर्छ, परिवार भनेको चाहिँ श्रीमान्, श्रीमती, छोरा, छोरीमात्रै भन्नेजस्तो भयो", उहाँले जोड्नुभयो, "त्यो परिवारले आमाबुबा समेट्नुपर्छ, आमा बुबालाई पन्छाउने होइन, माया, सम्मान र उहाँहरुको अनुभवबाट सिक्नुपर्यो।"

ज्येष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ मा यातायात र स्वास्थ्योपचारमा ज्येष्ठ नागरिकलाई ५० प्रतिशत छुट दिने भनिए पनि त्यसको अहिलेसम्म पनि पूर्ण कार्यान्वयन हुन सकेको छैन। कार्यान्वयन गर्नुपर्ने माग गर्दै अग्रज समाज नेपालको नेतृत्वमा ज्येष्ठ नागरिकले पाँच वर्षदेखि माग गर्दै आएका छन्।

विसं २०५१ मा तत्कालीन प्रधानमन्त्री अधिकारीले एकसय रुपैयाँबाट सुरु गर्नुभएको वृद्धाभत्ता स्वास्थ्योपचार खर्चसहित अहिले चार हजार पुगेको छ। त्यसले ज्येष्ठ नागरिकलाई धेरै राहत पुगेको छ।

नेपाल संविधानको मौलिक हकअन्तर्गत धारा ४१ मा ज्येष्ठ नागरिकको हकमा, ज्येष्ठ नागरिकलाई राज्यबाट विशेष संरक्षण तथा सामाजिक सुरक्षाको हक हुनेछ भनी व्यवस्था गरिएको छ।

महिला, बालकालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयमा मन्त्री उमा रेग्मीको कार्यकालमा ज्येष्ठ नागरिकसम्बन्धी ऐन २०६३ लाई पहिलो संशोधन गर्न बनेको ऐन २०७९ संसद्बाट पास भएको छ। यस ऐनअनुसारको नियमावली मन्त्रालयमा अन्तिम चरणमा पुगेको छ।

स्थानीय तहले ज्येष्ठ नागरिकको परिवारको सदस्य, नातेदार वा हकवालाले पालनपोषण वा हेरचाह नगरेमा र अलपत्र परेमा स्थानीय तहले हेरचाह केन्द्रमा राखी व्यवस्था गर्नुपर्नेछ। त्यस्तो अवस्थामा उनीहरूसँग भएको जायजेथा वा अंश भाग स्थानीय तहले आफ्नो स्वामित्वमा ल्याई ज्येष्ठ नागरिकका लागि परिचालन गर्नेछ व्यवस्था गरेको छ। मन्त्री रेग्मीले आफन्तबाटै ज्येष्ठ नागरिक अपहेलित हुँदै गएकाले कानुनीरुपमै व्यवस्था गर्नु परेको बताउनुभयो।

'हामी सबैको सरोकार, ज्येष्ठ नागरिकको अधिकार' भन्ने नाराका साथ सोमबार देशभर ज्येष्ठ नागरिक दिवस मनाइँदैछ। संयुक्त राष्ट्रसङ्घले अक्टुबर १ लाई अन्तर्राष्ट्रिय ज्येष्ठ नागरिक दिवसका रूपमा मनाउने प्रस्ताव १९९० डिसेम्बर १४ मा पारित गरेर १९९१ को १ अक्टुबरदेखि यसका सदस्य राष्ट्र नेपाललगायतले विभिन्न कार्यक्रमका साथ मनाउन थालेपछि विश्वभर नै १ अक्टुबरलाई अन्तर्राष्ट्रिय ज्येष्ठ नागरिक दिवसका रूपमा मनाइने गरिन्छ।

सोमबारका दिनसम्म हामी प्रत्येक वर्ष ज्येष्ठ नागरिक दिवसलाई विभिन्न अन्तर्राष्ट्रिय र विश्व दिवसका नाममा मात्र सीमित रहेर मनाउँदै आइरहेको थियो। गतवर्षदेखि नेपालले पनि राष्ट्रिय ज्येष्ठ नागरिक दिवस मनाउन थालेको हो।

नेपालका सन्दर्भमा २०६० सालदेखि नै ज्येष्ठ नागरिकको सवाललाई विजारोपण गर्ने र ज्येष्ठ नागरिकको हकअधिकारको संरक्षण र सम्वर्द्धनका लागि सरोकारवाला निकायसंग हातेमालो गर्ने कार्यमा राष्ट्रिय ज्येष्ठ नागरिक महासङ्घले भूमिका खेल्दै आएको छ। नेपालमा ज्येष्ठ नागरिकको हकहित, संरक्षण, सम्वर्द्धन र ज्येष्ठ नागरिकलाई प्राप्त अधिकारका विषयमा पैरवी गर्ने दिनका रूपमा राष्ट्रिय ज्येष्ठ नागरिक दिवसलाई चिनिने हुँदा ज्येष्ठ नागरिक स्वयंले आफ्नो विशेष दिन रहेकामा गौरवको अनुभूति गर्ने उद्देश्ले यो दिवस मनाउन थालिएको हो।

ज्येष्ठ नागरिकबीच हुने भेटघाट, छलफल, बहस तथा अन्तर्क्रियाले ज्येष्ठ नागरिकका समस्या पहिचान गरी राज्यलाई नीति तथा कार्यक्रम तर्जुमा गर्नमा टेवा पुर्‍याउनेछ। राज्यले प्रदान गरेका सेवा, सुविधा र ज्येष्ठ नागरिकको समस्या समाधान गर्नमा राज्यले पहल गरेका कदमलगायतका विषयमा ज्येष्ठ नागरिकलाई सुसूचित गराउने र विभिन्न चिन्ता र पिरबाट ग्रसित ज्येष्ठ नागरिक समकालीन दौतरीसँगको एकआपसमा भेटघाट, भलाकुसारी र अनुभवको आदानप्रदानले उनीहरूको जीवन सुखी र स्वस्थसँग बिताउन आत्मबल बढेर आनन्द महशुस हुने गरिएको छ।


**डा. ललन प्रसाद रौनियार**

**Dr. Lalan Prasad Rauniyar**

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

**डा. सरोज कुमार साह**

**Dr. Saroj Kumar Sah**

MBBS, MS Orthopaedics (BPKIHS) Dharan

Fellowship in Hand Surgery (CMC Vellore)

NMC Reg. No. : 13288

**हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ**

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

**डा. जयन्ती यादव**

**Dr. Jayanti Yadav**

M.B.B.S. MD (Obstetrician and Gynaecologist)

हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज

NMC No. : 15312

**बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ**

बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569


# सुन प्रकरणमा डिएसपी पक्राउ

काठमाडौँ, ११ पुस (रासस)।

नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सिआइबी) को टोलीले अवैध गतिविधि (सुन प्रकरण) मा संलग्न रहेको आरोपमा इलाका प्रहरी कार्यालय बुटवल रुपन्देहीका प्रहरी नायब उपरीक्षक (डिएसपी) ठगबहादुर केसीलाई पक्राउ गरेको छ।

ब्यूरोलाई प्राप्त सूचनाका आधारमा गएराति काठमाडौँबाट खटिएको टोलीले बुटबलका खिलेन्द्र सिंह जिसीलाई रुपन्देहीको कालिकानगरस्थित महाराजा रिसोर्टको क्याबिनमा रु नौ लाख ५० हजार रकमको चेक र उनको झोलामा सुन जस्तो देखिने ३४ तोला २१ लालको पहेँलो धातुसहित पक्राउ गरेको थियो।

त्यसपछि उनीसँग गरिएको अनुसन्धानका क्रममा स्थानीय व्यवसायी किसन विक र इप्रका बुटवलका प्रमुख प्रहरी नायब उपरीक्षक केसीको आपसी सम्बन्ध रहेको खुलेपछि डिएसपी केसीको निवास लक्ष्मीनगरमा पुगेर उनलाई पक्राउ गरिएको सिआइबीका प्रवक्ता प्रहरी उपरीक्षक कमल थापाले जानकारी दिनुभयो।

उनको घरमा खानतलासी गर्दा नगद रु आठ लाख ५० हजार फेला पारी बरामद गरिएको पनि उहाँले बताउनुभयो। बरामद भएको रकम, सुन जस्तो देखिने पहेँलो धातु र ठगबहादुर केसी र खिलेन्द्र सिंह जिसीलाई आवश्यक कारवाहीका लागि जिल्ला प्रहरी कार्यालय रुपन्देहीमा बुझाइएको पनि उहाँले जानकारी दिनुभयो। प्रहरीका अनुसार उनले व्यापारीसँग सुन नियन्त्रणमा लिएर आफैँ राखेको र सुन फिर्ताका लागि पैसा लिएको आरोप छ।


**शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं**

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (व्यवस्था) गरौं।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं।
- चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको व्यवस्था मिलाऔं।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं।

अनुरोधकर्ता

रुपनी गाउँपालिका, सप्तरी

# सरकारको पहिलो निर्णय : राहदानी र लाइसेन्स लिन लाइन बस्नुपर्ने झन्झट हटाइने

काठमाडौं, ११ पुस (रासस)।

राहदानीका लागि लामालामा लाइन लाग्नुपर्ने र नागरिकले हैरानी खेप्नुपरेको समस्यालाई सरकारले सम्बोधन गर्ने भएको छ। राहदानी विभाग त्रिपुरेश्वरमा मध्यरातदेखि नै नागरिक लाइनमा बस्नु परेको यर्थाथतालाई मध्यनजर गर्दै सरकारले त्यस्तो निर्णय गरेको हो।

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले पदभार ग्रहण गरेलगत्तै सिंहदरबारमा बसेको पहिलो बैठकले विशेषगरी राहदानी र सवारी चालक अनुमतिपत्रका सम्बन्धमा देखिएको समस्या समाधान गर्ने निर्णय गरेको हो।

मन्त्रिपरिषद्मा भएका निर्णयका बारेमा जानकारी दिनुहुँदै प्रधानमन्त्री दाहालले नै राहदानी र सवारी चालक अनुमतिपत्र लिन लामो लाइन बस्नुपर्ने बाध्यताको अन्त्य गर्ने निर्णय भएको जानकारी दिनुभयो।

प्रधानमन्त्रीले भन्नुभयो, "राहदानी र सवारी चालक अनुमतिपत्रसम्बन्धी विषयमा लामालामा लाइन र नागरिकको जुन खालको पीडा देखिएको छ। त्यसलाई समयभित्रै नियन्त्रण गर्नेगरी प्रभावकारी ढङ्गले जनतालाई सेवा दिने निर्णय गरेका छौँ।"

नागरिकले सास्ती नपाऊन् भनेर सुशासनमा केन्द्रित भएको र सबैले सङ्कल्प गरेको उहाँले जानकारी दिनुभयो। उहाँका अनुसार बैठकले प्रतिनिधिसभाको बैठक बोलाउने बारेमा पनि निर्णय गरेको छ। देशमा रहेका समस्या समाधानमा केन्द्रित हुने गरी सङ्कल्प गरेको समेत प्रधानमन्त्री दाहालले जानकारी दिनुभयो।

प्रधानमन्त्री दाहालले केही नयाँ गरौँ भन्ने सङ्कल्पका साथ आफूहरू एक ठाउँमा उभिएको बताउनुभयो। आफ्नो नेतृत्वमा सरकार गठन भएपछि जनतामा आशा जागेको उहाँको भनाइ छ। उहाँले गत मङ्सिर ४ गते सम्पन्न निर्वाचनबाट जस्तो निर्णय आएको छ, त्यसलाई अहिलेको मन्त्रिपरिषद् समेटेको उल्लेख गर्नुभयो।

प्रधानमन्त्रीले भन्नुभयो, "हाम्रा अगाडि जटिलता र चुनौतीहरू छन्। जनतामा आशा र भरोसा बढेको देखिएको छ। केही नयाँ गरिछाड्नेहरूको सङ्कल्प भएकाको केन्द्रीकरण भएको छ। त्यसकारण पनि काम गर्न मलाई सहज लागेको छ।" उहाँले मुलुकको अर्थतन्त्रमा देखिएको जटिलतालाई सुधार गर्ने, जनतामा सुशासनको प्रत्याभूति गराउने र सेवा प्रवाहमा केन्द्रित हुने गरी पहिलो बैठकमा छलफल भएको बताउनुभयो।

# दबाब र प्रभावमा नपरी शान्ति सुव्यवस्था कायम गर्छु : उपप्रधान तथा गृहमन्त्री लामिछाने

काठमाडौं, ११ पुस (रासस)।

नवनियुक्त उपप्रधान एवं गृहमन्त्री रवि लामिछानेले कसैको दबाब र प्रभावमा नपरी शान्ति सुव्यवस्था कायम गर्न दृढतापूर्वक लाग्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ। सिंहदरबारस्थित गृह मन्त्रालयमा सोमबार साँझ पदभार ग्रहणपछि सञ्चारकर्मीको जिज्ञासामा उहाँले शान्ति सुव्यवस्थाका लागि गृह प्रशासनले निभाउनुपर्ने भूमिकामा सबैभन्दा बढी काम गर्ने बताउनुभयो।

विधि र पद्धतिका आधारमा काम गर्ने प्रणाली स्थापित गर्ने जनाउँदै उहाँले कुनै दबाब र प्रभावमा नपरी काम गर्न प्रधानमन्त्रीले दिएको निर्देशनप्रति आफू प्रतिबद्ध रहेको बताउनुभयो। आफूले स्वतन्त्र र स्वायत्तरूपमा कार्यसम्पादन गर्ने उहाँको भनाइ छ।

"आम नागरिकले शान्ति सुरक्षाको महसुस कत्तिको गरिरहेका छन्, त्यस्ता विषयलाई प्राथमिकतामा राखेर काम गर्छु", उहाँले भन्नुभयो, "आम जनजीविकाका विषय मेरा प्राथमिकतामा छन्।" गृह प्रशासन मातहतका सङ्गठनको मनोबल उच्च तुल्याउने काममा आफू लाग्ने उहाँको भनाइ छ। आफू सञ्चारकर्मी भूमिकामा रहँदा सबैभन्दा बढी काम गर्नुपर्ने जनचासोका विषय गृह मन्त्रालय पाएको र त्यसमा पहल गर्नुपर्ने भएकाले आफ्नो रोजाइमा गृह मन्त्रालय परेको बताउनुभयो।

आफूले स्वतन्त्ररूपमा कसैलाई विभेद नगरी बराबरी रूपमा कार्यसम्पादन गर्ने अधिकार सबैलाई प्रदान गर्ने बताउनुभयो। हरेक निर्णय स्वतन्त्र र विश्वसनीयरूपमा गरेर प्रशासनका माध्यमबाट जनताका लागि न्याय दिइने उहाँको प्रतिबद्धता छ। साझा नीति तथा कार्यक्रम बनाएर काम गर्ने सम्झौताका आधारमा आफूहरू सरकारमा सहभागी भएको जनाउँदै उहाँले सरकारमा रहेर पनि आम जनताको मुद्दामा वाचापत्रद्वारा प्रतिबद्धता जनाएअनुसार प्रखररूपमा आवाज उठाइरहने बताउनुभयो।

गृहमन्त्री लामिछानेले कञ्चनपुरकी बालिका निर्मला पन्तको हत्यासम्बन्धी विषयको छानबिनलाई थप प्रभावकारी बनाउने निर्णय लेखेर ल्याउन मन्त्रालयका उच्च अधिकारीलाई निर्देशन दिनुभयो। उहाँलाई मन्त्रालयमा गृहसचिव विनोदप्रकाश सिंह, सुरक्षा निकायका प्रमुखले स्वागत गर्नुभएको थियो।

# अपाङ्गतामैत्री प्रजनन स्वास्थ्यसम्बन्धी निर्देशिका सार्वजनिक

काठमाडौं, ११ पुस (रासस)।

पूर्ण अशक्त अपाङ्गता भएका व्यक्तिले सेवा प्राप्त गर्न दर्ता शुल्क, सेवा शुल्क, निदानात्मक, उपचारात्मक वा अन्य कुनै शुल्क तिर्न नपर्ने भएको छ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयद्वारा सोमबार यहाँ सार्वजनिक गरिएको अपाङ्गतामैत्री प्रजनन स्वास्थ्य तथा सुरक्षित मातृत्व सेवासम्बन्धी निर्देशिका, २०७९ को अपाङ्गतामैत्री सेवा सञ्चालनसम्बन्धी प्रक्रियाअन्तर्गत निःशुल्क सेवामा पूर्ण अशक्त अपाङ्गता र अति अशक्त अपाङ्गता भएका व्यक्तिले सेवा प्राप्त गर्न शुल्क नलाग्ने व्यवस्था गरिएको हो।

निर्देशिका सार्वजनिकीकरण कार्यक्रममा मन्त्रालयअन्तर्गतको परिवार कल्याण महाशाखाका निर्देशक डा विवेककुमार लालले निर्देशिकाले सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐनले दिएको अधिकार सुनिश्चित हुने बताउनुभयो। उहाँले भन्नुभयो, "ऐनले दिएको अधिकार सुनिश्चित होस् भनेर निर्देशिका ल्याएका हौँ। आगामी वर्षमा सातै प्रदेशका प्रजनन स्वास्थ्य तथा सुरक्षित मातृत्व कार्यक्रम हेर्ने सबैलाई संवेदनशील बनाउने कार्यक्रम गर्दैछौँ।"

परिवार योजना तथा प्रजनन स्वास्थ्य शाखाकी प्रमुख कविता अर्यालले निर्देशिका ल्याउनुभन्दा कार्यान्वयन गर्नु ठूलो चुनौती भएको बताउनुभयो। "निर्देशिका ल्याउनु राम्रो सुरुआत हो। यसको कार्यान्वयन गर्न हामीलाई ठूलो चुनौती छ। यद्यपि यसलाई कार्यान्वयन गर्नेमा सबै पक्षको साझेदारी हुन्छ भन्ने विश्वास लिएका छौँ", उहाँले भन्नुभयो।

निर्देशिकामा पूर्ण अशक्त अपाङ्गता र अति अशक्त अपाङ्गता भएका व्यक्तिलाई स्वास्थ्य संस्था र स्थानीय तहले घरैमा वा समुदायमा गई सेवा दिनुपर्ने व्यवस्था गरिएको छ। प्राकृतिक वा गैरप्राकृतिक विपदका बखत उनीहरूलाई विपद्स्थलमै गई सेवा दिने व्यवस्था गनुपर्नेछ। यी सेवा दिन नसक्ने अवस्था भएमा सेवाग्राहीलाई स्वास्थ्य संस्थासम्म ल्याउने र लैजाने उपयुक्त व्यवस्था गर्नुपर्ने उल्लेख गरिएको छ। तीनै तहका सरकारले सम्भव भएसम्म अपाङ्गता भएका व्यक्तिलाई प्रयोग गर्न पहुँचयोग्य हुने प्रजनन स्वास्थ्य सेवासम्बन्धी औषधि, उपकरण तथा सामग्री खरिद गर्नुपर्ने व्यवस्था छ। प्रत्येक स्वास्थ्य संस्थाबाट प्रदान हुने सेवा अपाङ्गमैत्री हुनुपर्ने र गर्भवतीलाई प्रसूति प्रोत्साहन र प्रसूति पोषणबापत उपलब्ध

*बाँकी अन्तिम पृष्ठमा*


## जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था

रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था।

आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था।

विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था।

प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था।

नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था।

उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था।

सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था।

सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था।

सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था।

व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था।

कृषि पेशालाई प्रात्साहन गर्ने संस्था।

सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था।

त्यसैले आजै संस्थामा जुटौं, **"बचत गरौं समृद्ध बनौं"**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२,**
**www.janajyoticoop.com.np**


## विश्व समाचार

### 'सुकीविरूद्धको अन्तिम मुद्दाको फैसला शुक्रबार आउने'

याङ्गुन, ११ पुस (रासस/एएफपी)।

म्यान्मारको जुन्ता सरकारप्रति वफादार अदालतले जेलमा रहेका नागरिक नेतृ आङ सान सुकीको १८ महिना लामो सुनुवाइका बाँकी पाँच वटा अभियोगमा शुक्रबार फैसला सुनाउने भएको छ। गत वर्ष फेब्रुअरीमा सेनाले सुकीको सरकार अपदस्थ गरेपछि सुकीले नजरबन्द (जेल) जीवन बिताउँदै आउनुभएको छ। नोबेल पुरस्कार विजेता सुकीलाई भ्रष्टाचारदेखि अवैध रूपमा वाकीटकी आयात गरेको र सरकारी गोपनीयता सम्बन्धी ऐन उल्लङ्घन गरेको १४ वटा अभियोगमा यसअघि नै दोषी ठहर गर्दै '२६ वर्ष'को जेल सजाय सुनाइएको छ। "दुवै पक्षले सैन्य अदालतमा अन्तिम बहस गरेका छन्," सोमबार नाम नबताउने शर्तमा एक जना सरकारी अधिकारीले बताउनुभयो। आफू सञ्चारमाध्यमलाई रिपोर्टिङ गर्न अख्तियारप्राप्त व्यक्ति नभएको बताउँदै नाम गोप्य राख्ने शर्तमा उहाँले भन्नुभयो, "आगामी शुक्रवार (३० डिसेम्बर) मा फैसला आउनेछ।" उहाँले सुकीको स्वास्थ्य राम्रो रहेको पनि बताउनुभयो। अधिकारवादी समूहहरूले यो मुद्दालाई ढोंगको संज्ञा दिएका छन् र बुधवार संयुक्त राष्ट्रसङ्घको सुरक्षा परिषद्ले म्यान्मारको 'कू' पछिको अवस्थाबारे आफ्नो पहिलो प्रस्तावमा सुकीलाई रिहा गर्न जुन्ता सरकारलाई आग्रह गरेको छ।

### इन्धन अभावले यमनी अस्पताल बन्द

एडेन, यमन, ११ पुस (रासस/सिन्ह्वा)।

यमनको दक्षिणपश्चिमी प्रान्त ताइजमा रहेको सबैभन्दा ठूलो अस्पतालमा इन्धनको चरम अभावका कारण आइतबारदेखि बन्द भएको छ। अस्पतालका एक चिकित्सकले इन्धनको चरम अभावका कारण सेवा नै बन्द गर्नु परेको सिन्ह्वालाई बताउनुभयो। उहाँले नाम गोप्य राख्ने शर्तमा भन्नुभयो, "मृगौला रोगीहरूको उपचारमा विशेषज्ञता प्राप्त केन्द्र पनि समावेश रहेको अल-थावरा जनरल अस्पतालका सबै शाखाहरू ईन्धनको गम्भीर सङ्कटपछि बन्द गरिएको छ।" "ताइजमा रहेको सबैभन्दा ठूलो अस्पतालले घना बस्ती भएको ताइज सहरमा हजारौं बिरामीका लागि सेवा प्रदान गर्दछ," उहाँले भन्नुभयो। अस्पताल बन्दले बिरामीको ज्यान जोखिममा पारेको उहाँले बताउनुभयो। अस्पतालका अधिकारीका अनुसार अस्पतालले अन्तर्राष्ट्रिय संस्था र संयुक्त राष्ट्रसङ्घका निकायलाई सङ्कटबाट पार पाउन र स्वास्थ्य विपत्तिबाट बचाउन इन्धन उपलब्ध गराउन तत्काल अपिल गरेको छ। सन् २०१४ को अन्त्यतिर इरान समर्थित हुथी लडाकुसमूहले उत्तरी सहरहरूमा आक्रमण गरी साउदी समर्थित यमनी सरकारलाई राजधानी सानाबाट बाहिर निकालेपछि यमन गृहयुद्धमा फसेको छ।यस युद्धले दशौं हजार मानिसको ज्यान लिइसकेको छभने ४० लाख मानिस विस्थापित भएका छन्। युद्धले देशलाई भोकमरीको सङ्घारमा पुऱ्याएको छ।

### 'चीनमा १६ देखि २४ वर्ष उमेर समूहका दुई करोड मानिस बेरोजगार'

बेइजिङ, ११ पुस (रासस/सिन्ह्वा)।

हाल चीनमा १६ देखि २४ वर्ष उमेर समूहका करिब दुई करोड मानिस कामविहीन रहेका चीनको आधिकारिक तथ्याङ्कमा आधारित सीएनएनको अध्ययनले देखाएको छ। आधिकारिक तथ्याङ्कअनुसार सहरी युवाको जनसङ्ख्या १० करोड ७० लाख रहेको छ। तथ्याङ्कले ग्रामीण बेरोजगारीलाई समावेश नगरेको बताइएको छ। द हङकङ पोस्टका अनुसार चीनमा युवा बेरोजगारी दर यो वर्ष नयाँ उचाइमा पुगेको छ। सन् २०२२ को मार्चमा १५.३ प्रतिशत बेरोजगार दर रहेकोमा अप्रिलमा बढेर १८.२ प्रतिशत पुगेको छ। त्यसपछिका केही महिनासम्म यो निरन्तर उकालो लाग्दै जुलाईमा १९.९ प्रतिशत पुगेको हो। अगष्टमा यो दर केही घटेर १८.७ प्रतिशतमा झरेको छ, तर अझै पनि अहिलेसम्मकै उच्चतम बिन्दुमा रहेको राष्ट्रिय तथ्याङ्क विभागको तथ्याङ्कले देखाएको छ।कोभिड-१९ का कारण हुन सक्ने गम्भीर बेरोजगारीका कारण पाँचमध्ये एक जना सक्षम चिनियाँले रोजगारी गुमाएको रिपोर्टमा उल्लेख छ। कोभिड-१९ तथा रूस युक्रेन युद्धका कारण विश्वव्यापी प्रभाव चीनले पनि व्यहोरेको कारण आर्थिक मन्दीको सामना गर्नुपरेको र यसका कारण कम्पनीहरूले आफ्ना कर्मचारीहरूलाई कटौती गर्ने नीतिका कारण बेरोजगारी दरमा वृद्धि भएको हो। विश्वको सबैभन्दा ठूलो स्मार्टफोन निर्माता कम्पनी शाओमीले पनि आफ्ना कर्मचारीलाई कटौती गरिरहेको छ। हालै, शाओमीका प्रवक्ताले सीएनएनलाई बताएअनुसार शाओमीले 'नियमित कर्मचारी अनुकूलन र संगठनात्मक सुव्यवस्थापन' अभियान सञ्चालन गरेको थियो। यो कदमले कम्पनीको १० प्रतिशतभन्दा कम कर्मचारीलाई मात्र असर गरेको उहाँले बताउनुभयो।

"चिनियाँ सरकारी सञ्चारमाध्यमले भने शाओमीले आफ्नो स्मार्टफोन र इन्टरनेट व्यवसाय एकाइलगायत विभिन्न विभागमा हजारौं कर्मचारी कटौती गर्ने जानकारी दिएका छन्," द हङकङ पोस्टले लेखेको छ। वित्तीय दस्तावेजका अनुसार शाओमीले सन् २०२२ को पहिलो नौ महिनामा करिब एक हजार ९००कर्मचारी कटौती गरेको छ। सेप्टेम्बरको अन्त्यसम्ममा कम्पनीमा लगभग ३५ हजार पूर्णकालिक कर्मचारीहरू थिए, जसमध्ये अधिकांश चीनमा आधारित थिए। चीनको शून्यध स्कोभिड प्रतिबन्धको प्रतिकूल प्रभावका कारण कम्पनीको राजस्व १० प्रतिशतभन्दा बढीले घटेको छ। सीएनएनको रिपोर्टमा भनिएको छ, "चीनको शिक्षा मन्त्रालयले गत महिना ११.६ मिलियन कलेज स्नातकहरू रोजगार बजारमा प्रवेश गर्ने बताए अनुसार अर्को वर्ष स्थिति अझ खराब हुन सक्नेछ।" वासिङ्टन डिसीस्थित जेम्सटाउन फाउन्डेसनका सिनियर फेलो विली लामलाई उद्धृत गर्दै हङकङ पोस्टले लेखेको छ, "निश्चित रूपमा, यो चार दशकभन्दा बढी समयको अवधिमा युवाहरूका लागि चीनको सबैभन्दा खराब रोजगारी सङ्कट हो। व्यापक बेरोजगारी यहाँको कम्युनिस्ट पार्टीका लागि ठूलो चुनौती भएको छ।" संयुक्तराष्ट्रसङ्घले हालै सार्वजनिक गरेको प्रक्षेपणअनुसार सन् २०३० को दशकमा १५ देखि ६४ वर्ष उमेर समूहका रूपमा परिभाषित गरिएको चीनको कामकाजी उमेरको जनसङ्ख्या तीव्र गतिमा घटन थाल्नेछ र यो शताब्दीको अन्त्यसम्ममा ६० प्रतिशतभन्दा बढीले घटेर ३७ करोड ८० लाखमा झर्नेछ। सन् २०१४ मा ९९ करोड ७० लाख रहेको काम गर्ने उमेरको जनसङ्ख्या सन् २०२१ मा घटेर ९८ करोड ६० लाखमा झरेको छ।

# मन्त्रिपरिषद् आठ सदस्यीय, प्रधानमन्त्रीलाई १८ मन्त्रालयको जिम्मेवारी

काठमाडौं, ११ पुस (राससं)।

पुष्पकमल दाहाल 'प्रचण्ड' नेतृत्वको नवगठित मन्त्रिपरिषद् पहिलो चरणमा आठ सदस्यीय बनेको छ। प्रधानमन्त्री दाहालले हाल १८ मन्त्रालयको समेत जिम्मेवारी सम्हाल्नुभएको छ। प्रधानमन्त्रीको सिफारिसमा राष्ट्रपति विद्यादेवी भण्डारीले नेपालको संविधानको धारा, ७६ को उपधारा ९ बमोजिम मन्त्रिपरिषद् गठन गरी कार्य विभाजन गर्नुभएको राष्ट्रपति कार्यालयद्वारा जारी विज्ञप्तिमा उल्लेख छ।

प्रधानमन्त्रीले उद्योग, वाणिज्य तथा आपूर्ति, ऊर्जा, जलस्रोत तथा सिँचाइ, कानुन, न्याय तथा संसदीय मामिला, कृषि तथा पशुपन्छी विकास, खानेपानी, परराष्ट्र, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक, युवा तथा खेलकुद, रक्षा, वन तथा वातावरण, शिक्षा, विज्ञान तथा प्रविधि श्रम, रोजगार तथा सामाजिक सुरक्षा, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन, सङ्घीय मामिला तथा सामान्य प्रशासन, सञ्चार तथा सूचना प्रविधि, सहरी विकास र स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको समेत जिम्मेवारी सम्हाल्नुभएको छ।

मन्त्रिपरिषद्मा तीनजना उपप्रधानमन्त्रीको कार्यभार तोकिएको भए पनि चार मन्त्रीको कार्य विभाजनपछि तोकिनेछ। उपप्रधान एवं अर्थमन्त्रीको जिम्मेवारी विष्णुप्रसाद पौडेलले सम्हाल्नुभएको छ। त्यस्तै, भौतिक पूर्वाधार र यातायात मन्त्रालयको जिम्मेवारी भने नारायणकाजी श्रेष्ठले पाउनुभएको छ। उपप्रधानमन्त्री एवं गृहको जिम्मेवारी भने रवि लामिछानेले पाउनुभएको छ। ज्वालाकुमारी साह, दामोदर भण्डारी, राजेन्द्रकुमार राई र अब्दुल खानको कार्यभार भने पछि तोकिनेछ।

# मधेस प्रदेशसभाका सदस्यको शपथ शुक्रबार हुने

जनकपुरधाम, ११ पुस (राससं)।

मधेस प्रदेशसभा सदस्यले आउँदो शुक्रबार पद तथा गोपनीयताको शपथ लिने भएका छन्।

प्रदेशसभामा सोमबार बसेको सर्वदलीय बैठकमा यही पुस १५ गते शुक्रबार दिउँसो २ बजे पद तथा गोपनीयताको शपथ गराउने सहमति भएको प्रदेशसभा सचिवालयका सचिव रञ्जितकुमार यादवले जानकारी दिनुभयो।

प्रदेशसभाका ज्येष्ठ सदस्य गोविन्दबहादुर न्यौपानेले सदस्यको शपथ गराउने निश्चित भएको सचिव उहाँले बताउनुभयो। नेपालको संविधानको धारा १८२ को उपधारा (५) र प्रदेशसभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ७५ बमोजिम प्रदेशसभाको अध्यक्षता गर्ने ज्येष्ठ सदस्यले शपथ गराउने व्यवस्था छ।

शपथग्रहणका लागि दुई घण्टाअगावै निर्वाचित प्रदेशसभा सदस्यलाई राष्ट्रिय पोशाक वा आ-आफ्नो सांस्कृतिक पहिचान झल्कने पोशाकमा उपस्थिति हुन सचिवालयले आग्रह गरेको छ। आफ्नो मातृभाषामा शपथ लिन चाहने सदस्यले तीन दिनअगावै प्रदेशसभा सचिवालयमा जानकारी गराउनुपर्ने जनाएको छ।

# विद्यार्थी सङ्गठनहरू स्ववियु निर्वाचन गर्न सहमत, फागुन २८ गते निर्वाचनको मिति प्रस्ताव

काठमाडौं, ११ पुस (राससं)।

सबै विद्यार्थी सङ्गठन स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) निर्वाचन गराउन सहमत भएका छन्। त्रिभुवन विश्वविद्यालयले सोमबार गरेको छलफलमा सबै विद्यार्थी सङ्गठन निर्धारित समयमा नै स्ववियु निर्वाचन गराउन सहमत भएका हुन्।

त्रिवि विद्यार्थी कल्याण तथा खेलकुद निर्देशनालयका निर्देशक पशुपति अधिकारीले स्ववियु निर्वाचन गराउने पक्षमा सबै विद्यार्थी सङ्गठनले सहमति जनाएकाले चाँडै नै मिति तोक्ने बताउनुभयो। "स्ववियु निर्वाचन यो वर्ष जसरी नि गराउनुपर्छ भन्नेमा सबै विद्यार्थी सङ्गठनको जोड छ", उहाँले भन्नुभयो, "अब हामी विद्यार्थी कल्याण परिषद्को बैठक राखेर निर्वाचनको मिति त्रिवि कार्यकारी परिषद्मा पठाउँछौं।"

उहाँले चाँडै नै त्रिवि कार्यकारी परिषद्ले स्ववियु निर्वाचनको मिति तोक्ने बताउनुभयो। त्रिविले स्ववियु निर्वाचनको तयारीमा जुटिरहेको बेला सोमबार सबै विद्यार्थी सङ्गठनसँग छलफल गरेको हो। त्रिवि क्याम्पसमा विगत एक दशकदेखि स्ववियु निर्वाचन हुन सकेको छैन। प्रत्येक दुई/दुई वर्षमा हुने निर्वाचन २०६५ सालयता नियमित हुन सकेको छैन।

अनेरास्ववियुका अध्यक्ष सुनिता बरालले सबै सङ्गठन स्ववियु निर्वाचनमा एकमत रहेकाले निर्वाचनको मिति चाँडै तोक्ने त्रिविलाई आग्रह गरिएको बताउनुभयो। अनेरास्ववियु क्रान्तिकारीका अध्यक्ष पञ्चा सिंहले त्रिविले ल्याएको फागुन २८ गतेको प्रस्तावसँगै फागुन १४ र चैत १४ गते स्ववियु निर्वाचनको मितिमा छलफल भएको जानकारी दिनुभयो। "हामी सबै विद्यार्थी सङ्गठन निर्वाचन पक्षमा रहेका छौं," उहाँले भन्नुभयो, "त्रिविलाई तीनवटा मितिमध्ये जुन उपयुक्त हुन्छ। सोही मितिमा निर्वाचन घोषणा गर्न भनेको छौं।"

खेलकुद निर्देशनालयका निर्देशक अधिकारीले परीक्षा र भर्नालाई असर नपर्ने गरी फागुन २८ गते स्ववियु निर्वाचनको उपयुक्त मिति रहेकाले सोही मिति प्रस्ताव गरिएको बताउनुभयो।

बैठकका विभिन्न २० विद्यार्थी सङ्गठनका अध्यक्ष सहभागी हुनुभएको थियो। २०६५ साल चैत ६ गतेपछि एकै पटक आठ वर्षमा २०७३ चैत १५ गते भएको थियो। त्यतिबेला देशभरि त्रिविका ६२ आङ्गिक क्याम्पसमध्ये रत्नराज्य क्याम्पस (आरआर), जनप्रशासन क्याम्पस सहित उपत्यकामा नौवटा आङ्गिक र उपत्यकाबाहिर १७ क्याम्पसमा मात्र स्ववियु निर्वाचन भएको थियो।

यस्तै उपत्यकाका १३ क्याम्पस र उपत्यकाबाहिर २३ वटा आङ्गिक क्याम्पसमा निर्वाचन हुन सकेको थिएन। त्रिविमा ६२ आङ्गिक र एक हजार ४० सम्बन्धन प्राप्त क्याम्पस रहेका छन्। स्ववियु निर्वाचन २८ वर्ष उमेर हदबन्दी र मिश्रित निर्वाचन प्रणाली लागू गरिएको छ।

# लिटिल एन्जेल बिजयी




**दैनिक समाचारदाता**
**राजविराज, ११ पुस।**

क्रिकेट विकास प्रतिष्ठानद्वारा संचालित प्रतियोगिता अन्तरगत सोमबारको खेलमा लिटिल एन्जेल स्कुलले क्रिकेट प्रतिष्ठान टिमलाई २ रनले पराजित गरेको छ।

डब्बल राउन्ड रोबिनको आधारमा संचालन भइरहेको खेलमा टस जितेर लिटिल एन्जेल स्कुलले २० ओभरमा ६ बिकेट गुमाई १ सय ११ रन बनाएको थियो। जसमा निसान्त यादव २३, भिम यादव २२ तथा गोपाल मण्डल १४ रन अविजित खेलेका थिए।

बलिङतर्फ क्रिकेट विकास प्रतिष्ठानका पंकज राय २ बिकेट सुमन चौधरी, रितेश राम, कुणाल यादव १/१ बिकेट हात पारेका थिए। प्रतिउत्तरमा १ सय ११ रनको लक्ष्य लिएका प्रतिष्ठानले २० ओभरमा ९ बिकेट गुमाएर १ सय ९ रन मै समिति रहयो। जसमा रोहित यादव २२ सुमन चौधरी १७ रन सुशान्त चौधरी, विशाल यादव ११ र रितेश राम १२ र पंकज राय १३ अविजित रहे।

बलिङतर्फ लिटिल एन्जेलका शिव दासले उत्कृष्ट बलिंग गर्दै ४ ओभरमा ४ बिकेट, सोहिल आलम, नरेश कामैत २/२ बिकेट र गोपाल मण्डलले १ बिकेट लिएका थिए। उक्त अवसरमा सप्तरी क्रिकेट संघका अध्यक्ष आयुष श्रेष्ठले खेलको म्यान अफ दि म्याच शिव दासलाई कप प्रदान गरेका थिए।

## ८५ वर्ष माथिका ...

अध्यक्षता तथा प्रेस स्वतन्त्रता सेनानी बैजनाथ झा द्वारा संचालित कार्यक्रममा प्रमुख अतिथि प्रमुख जिल्ला अधिकारी थापाका साथै पुर्व कर्मचारी सेवा परिषद सप्तरीका अध्यक्ष सुगम्बर यादव, सामुदायीक सेवा केन्द्रका अध्यक्ष हित नारायण लाल दास, नागरिक समाजका अध्यक्ष थान सिह भन्साली, ब्राह्मण सेवा समितीका केन्द्रीय अध्यक्ष श्याम सुन्दर झा, निर्माण व्यवसायी संघका अध्यक्ष एनेश्वर दास लगायतले ज्येष्ठ नागरिकलाई सम्मान गर्न र उनीहरुको सहज जीवन यापनका लागी घर परिवार देखी समाज र राष्ट्रले उचित भुमिका खेल्नु पर्नेमा जोड दिएका थिए।

कार्यक्रममा हालै निधन भएका ज्येष्ठ नागरिक संघ सप्तरीका अध्यक्ष शिवहरी प्रसाद भट्टराइ प्रति श्रद्धाञ्जली अर्पण गरिएको थियो।

## अपाङ्गतामैत्री प्रजनन ...

गराएको रकममा निश्चित रकम थप गर्नुपर्ने उल्लेख गरिएको छ।

निर्देशिकाको परिच्छेद दुईमा अपाङ्गतामैत्री सेवा सञ्चालनसम्बन्धी प्रक्रियाअन्तर्गत सेवा सञ्चालन, सम्मानपूर्वक सेवा प्रदान गर्नुपर्ने, गोपनीयतासम्बन्धी व्यवस्था, प्राथमिकता दिनुपर्ने, निःशुल्क सेवा, थप सुविधा, सहायता कक्ष र सहयोगीको व्यवस्था, पहुँचयुक्त संरचना, पहुँचयुक्त स्वास्थ्य शिक्षा, सूचना सञ्चार सामग्री, पहुँचयुक्त डिजिटल सामग्री वा वेबसाइट, पहुँचयुक्त स्वास्थ्य सामग्री खरिद, पाठ्यक्रममा समावेश, नीति निर्माण र योजना तर्जुमा प्रक्रियामा सहभागिता र बजेट व्यवस्थापनसम्बन्धी व्यवस्था उल्लेख गरिएको छ। निर्देशिका यसअघि असोज २३ गते स्वीकृत भएको थियो।

**डा. कालीप्रसाद यादव**
MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203
**कन्सलटेन्ट फिजिसियन**
मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
**डा. रिपला आचार्य**
MBBS, MD (BPKIHS) NMC NO. 19992
**छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ**
डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी
यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ।
**सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी**
हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७

**जाडोको समयमा चिसोबाट बचौं**
- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- न्यानो कपडा लगाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङ वाक नगरौं,
- चिसोमा बाहिर हिँड्दा बाक्लो कपडा लगाऔं,
- दैनिक घाम ताप्ने गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्।
हाम्रो सेवाहरु
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६
ipay remit
CITY EXPRESS MONEY TRANSFER
Best Remit Quick & Easy
PRABHU Money Transfer
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर,
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*